**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०२।२६ गतेको ५६ औं बैठकका निर्णयहरुः**

१. तिनाउ गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को सशर्त कार्यक्रम तर्फको साना सिचाइ कार्यक्रम तपशिल अनुसारको कृषक समुह छनोट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.सं. | समूहको नाम | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | घोडेबास कृषक समूह, वडा नं. २ | ६ लाख | समूह |
| २ | रिङसिङलेक सामूदायिक विकास कृषि सहकारी समूह संस्था लिमिटेड, वडा नं. १ | ६ लाख | सहकारी |
| ३ | रुसुन्डि बाह्रबिसे कालारह कुलो निर्माण, वडा नं. ६ | ६ लाख | कृषि उद्यमी समूह |

२. श्री रिङसिङलेक सहकारी छनोट गरी कागती प्रवर्द्धन कार्याक्रम गर्ने भनिएकोमा उक्त सहकारीले कार्यक्रम गर्न नसक्ने भनी निवेदन पेश गरेकोले तपशिल अनुसारका व्यक्तीहरु छनोट गरी कागती प्रवर्द्धन कार्यक्रम ५० प्रतिशत अनुदानमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.सं. | व्यक्तिको नाम | अनुमानित रकम | गाउँपालिको अनुदान |
|---|---|---|---|
| १ | राम प्रसाद क्षेत्री, वडा नं. ६ | ५ लाख | २ लाख ५० हजार |
| २ | इन्द्र कुमारी सोमै, वडा नं. २ | ५ लाख | २ लाख ५० हजार |

३. यस गाउँपालिका भित्रका ख वर्गको अपाङ्गता भएका व्यक्तिहरुको समाजिक सुरक्षा भत्ता नविकरण गर्नु पूर्व अपाङ्गताको परिचय पत्र पुनःमूल्याङ्कन गरी अपाङ्गता परिचय पत्र नविकरणको आधारमा मात्र सामाजिक सुरक्षा भत्ता प्रयोजनको लागि नविकरण गर्ने निर्णय गरियो ।

४. यस गाउँपालिकाको शिक्षा समितिको मिति २०८१।०२।२४ गतेको निर्णय अनुसार सिफारिस भएको श्री सरस्वती प्राथमिक विद्यालय, वडा नं. १ र श्री लक्ष्मी प्राथमिक विद्यालय, वडा नं. ६ लाई कक्षा ६-८ थप गरी आधारभूत तह सम्म अध्यापन गराउन अनुमति दिने निर्णय गरियो ।

५. यस गाउँपालिकाको शिक्षा समितिको मिति २०८१।०२।२४ गतेको निर्णय अनुसार सिफारिस भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०२।२६ गतेको ५६ औं बैठकका निर्णयहरुः**

६. तिनाउ गाउँपालिका वडा नं. ४ को लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदान कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा सञ्चालित गोरबन्दी सत्यवती सडक स्तर उन्नतीको ठेक्काबाट बचत भएको गाउँपालिका तर्फको बजेटबाट सत्यवती टोलमा ठेक्काबाट भएको ढुङ्गा सोलिङमा प्राविधिकको लागत अनुमान अनुसार बाटो ढलान गर्ने निर्णय गरियो ।

७. तिनाउ गाउँपालिकाको १५ औं गाउँसभाको बजेट अधिवेशन को पहिलो बैठक मिति २०८१।०३।०४ गते मंगलबार तिनाउ गाउँपालिकाको अर्घाछापमा रहेको सभाहलमा बस्ने निर्णय गरियो ।

८. तिनाउ गाउँपालिकाको २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम वडा नं. ५ मा सञ्चालन भै रहेकोमा हाल ढाका बुनाइ कार्यलाई प्रवर्द्धन गर्न अपुग हुने रु. २ लाख रकम गाउँपालिकाको कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

९. तिनाउ गाउँपालिकाको व्याकहो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।